# FREE ARTIFICIAL HAND & LIMB PROJECT

RI District 3292 Nepal-Bhutan

**Joint program organized by:**

***Host Club:***

Rotary Club of Narayani Mid Town
President: Arpana Pradhan
Contact: 9845046118

Rotary Club of Birgunj
Past President: Dr. Anand Kumar
Jha Contact: 9855023945

***Co-Host:***

Rotary Club of Narayangarh
President: Bhola Lamichhane
Contact: 9855057210

Rotary Club of Gaindakot
President: Shreeniwas Poudel
Contact: 9855050625

Rotary Club of Purbi Chitwan
President: Binod Nepal
Contact: 9855062210

Rotary Club of Bharatpur
President: Vivek Shrestha
Contact: 9843084561

## प्रेस विज्ञप्ती

आदरणीय पत्रकार मित्रहरु,

रोटरी क्लबहरुको तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछौं । रोटरी क्लब अफ नारायणी मिड टाउन, रोटरी क्लब अफ नारायणगढ, रोटरी क्लब अफ गैंडाकोट, रोटरी क्लब अफ पूर्वी चितवन, रोटरी क्लब अफ भरतपुर र रोटरी क्लब अफ वीरगञ्जको आयोजनामा यही माघ २७ गतेबाट १५ दिने निःशुल्क कृत्रिम हात खुट्टा प्रदान गर्ने शिविर आयोजना गरिएको पूर्व सन्ध्यामा यो पत्रकार सम्मेलन आयोजना गरिएको छ ।

पत्रकार मित्रहरु,

हात खुट्टा नहुनु भनेको जीवन नै अर्कै चरणबाट गुज्रिन बाध्य हुनु हो । दुर्घटना, विभिन्न रोग र चोटका कारण हात वा खुट्टा गुमाएकाहरुलाई हामीले कृतिम हात खुट्टा उपलब्ध गराएर उहाँहरुको जीवनमा रूपान्तरण ल्याउने कोशिस गर्दैछौं । यसले उहाँहरूको गुणस्तरीय जीवनयापनमा ठूलो फरक पार्नेछ भन्ने हाम्रो विश्वास छ ।

अपाङ्ग जागरण अभियान चितवनको समन्वयमा यो शिविर आयोजना गरिएको छ । रोटरी क्लब अफ वीरगञ्जको प्राविधिक सहयोग सहित आयोजना हुने यस शिविर माघ २७ गतेबाट शुरु भई १५ दिनसम्म यसै चेतना भ्लेजमा सञ्चालन हुनेछ । शिविरमा देशैभरबाट हात खुट्टा गुमाएकाहरु आउन सक्नु हुनेछ । हालसम्म ८० जना हाम्रो सम्पर्कमा आईसक्नु भएको छ भने बाँकी सम्पर्कमा आउने क्रममा हुनुहुन्छ । शिविरमा आउनेहरुलाई आवासीय सुविधा समेत हामीले उपलब्ध गराउनेछौं । हातखुट्टा गुमाएकाहरुको उमेर र हात वा खुट्टाको साईज अनुसार प्राविधिक टोलीले यही नै हात खुट्टा तयार पारी उपलब्ध गराईने छ । त्यसका लागि वीरगञ्ज र भारतको जयपुरबाट प्राविधिक टोली आईसकेको छ ।

यो शिविर सञ्चालन गर्न २५ लाख रुपैयाँभन्दा बढी खर्च हुने हाम्रो अनुमान छ । एउटा खुट्टा तयार गर्न रु.१८ हजार हाराहारी र हात तयार गर्न रु.१५ हजार हाराहारी खर्च हुने गर्दछ । शिविरका लागि हामी रोटरियनहरुबाट नै रकम संकलन गरिरहेका छौं । शिविरमा सम्पर्कमा आएका सबैलाई हात खुट्टा उपलब्ध गराउने हाम्रो लक्ष्य रहेको छ । सम्भव भएकाहरुलाई यही शिविरमा उपलब्ध गराउने छौं भने प्राविधिक रुपमा केही कमी भई बाँकी रहेमा पुनः केही समयभित्रै उपलब्ध गराउने हाम्रो योजना रहेको छ ।

पत्रकार मित्रहरु

मानवीय सेवाको सो सत्कर्ममा यहाँहरुले महत्वपूर्ण भूमिका खेल्नुहुनेछ भन्ने हाम्रो विश्वास छ । तपाईको एउटा समाचारले हात वा खुट्टा खुमाएका व्यक्तिले हात वा खुट्टा पाई गुणस्तरीय जीवन जिउन सहयोग पुग्नेछ ।

अन्त्यमा, यहाँहरुको व्यस्त समयका बाबजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित भईदिनुभई कार्यक्रमलाई सफल पारिदिनुभएकोमा हार्दिक धन्यवाद एवं आभार प्रकट गर्दछौं । साथै भोलि माघ २७ गते हुने उद्घाटन कार्यक्रममा पनि यहाँको उपस्थितिका लागि अनुरोध गर्दछौं । शिविर अवधिभर र शिविर समापनका दिनसम्म हुने विभिन्न गतिविधिहरुको समेत समाचार सम्प्रेषण गरिदिनु हुन समेत हाम्रो आग्रह छ । धन्यवाद ।

.....................

कार्यक्रम संयोजक
रो. अर्पणा प्रधान भण्डारी
अध्यक्षः रोटरी क्लब अफ नारायणी मिड टाउन
मितिः २०८० माघ २६ गते